# मिति २०७९/०७/१७ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९८

**बैठकका एजेन्डाहरु :**

१. गत बैठकको समिक्षा गर्ने ।

२. ५० प्रतिशत अनुदानमा वितरण हुने गँहुको मूल्य निर्धारण तथा वितरक छनौट सम्बन्धमा ।

३. स्वास्थ्य संस्था दर्ता कार्यविधि तथा अपांग परिचयपत्र वितरण कार्यविधि सम्बन्धमा ।

४. समसामायिक विविध ।

**निर्णयहरु**

१. मिति २०७९/०६/२७ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यन्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यन्वयन भइ रहेको सहर्ष जानकारी गराइन्छ ।

२. गहुको उन्नत विउको लागि वितरक माग गर्न २०७९/०६/३० गतेको सूचना बमोजिम प्राप्त भएका ४ वटा वितरकहरुलाई छनौट गर्ने तथा निजहरुसँग सम्झौता गरी प्रोत्साहन अनुदान शिर्षकबाट अनुदान रकमको १५ प्रतिशत रकम वितरकलाई व्यवस्थापन खर्च उपलब्ध गराउने । साथै गहुको मूल्य निर्धारण सम्बन्धमा केन्द्रिय समितिबाट तोकिएको उन्नत जातको गहुको प्रति के.जी. मूल्य रु. ७२ मा ढुवानी भाडा प्रति के.जी. सरदर रु. ५ जोडी हुन आउने प्रति के.जी. मूल्य रु. ७७ को ५० प्रतिशत रकम अनुदान सम्बन्धित कृषकलाई उपलब्ध गराउने ।

३. विधेयक समितिबाट सिफारिस भइ आएको तपसिल बमोजिमको कार्यविधिलाई पारित गर्ने निर्णय गरियो ।

**तपसिल**

१. कपिलवस्तु नगरपालिकाको स्वास्थ्य संस्था दर्ता नियमन तथा कार्यन्वयन कार्यविधि २०७९

२. अपाङ्ग भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि २०७९

४. **समसामायिक विविध निर्णयहरु ।**

१. संघीय सशर्त कार्यक्रम अर्न्तगत प्याज उत्पादन कार्यक्रममा प्राप्त बजेटबाट अभिमुखिकरण कार्यक्रम, गोष्ठी र होडिङबोर्डमा १०० प्रतिशत अनुदान तथा अन्य कार्यक्रममा कृषकको लागत सहभागिता ४० प्रतिशत तथा नगरपालिकाको सहभागिता ६० प्रतिशत हुने गरी आवश्यक प्रक्रिया पूरा गर्न कृषि विकास शाखालाई जिम्मेवारी दिने ।

२. संघ तथा प्रदेश सभा निर्वाचन २०७९ को सन्दर्भमा मतदातालाई मतदान सम्बन्धी शिक्षा प्रदान गर्न प्रत्येक वडामा २/२ जना महिला स्वास्थ्य स्वयम् सेविका परिचालन गर्ने र निजहरुको पारिश्रमिक, स्थानीय समिति तथा वडा स्तरीय समितिको बैठक भत्ता अनुगमन भत्ता, लगायतका खर्चहरु स्थानीय तह स्वयम्ले बेहोर्ने कानूनी व्यवस्था बमोजिम बढीमा ३ वटा सम्म बैठकको बैठक भत्ता, अनुगमन भत्ता र प्रति महिला स्वयम् सेविकालाई रु. १०,०००/- (दश हजार) का दरले पारिश्रमिक पछि नगरसभाबाट बजेट विनियोजन हुने गरी हाललाई बैठक भत्ता तथा पारिश्रमिक शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

२०७९।०७।१८

३. बस पार्क, हाटबजार तथा विज्ञापन करको पटक पटक सूचना प्रकाशन गर्दा समेत ठेक्का प्रक्रियामा कोही पनि भाग नलिएको यस आर्थिक वर्षमा अब बाकी अवधी थोरै भएको हुँदा राजस्व परामर्श समितिले गरेको निर्णय बमाजिमको दररेटमा पुनः सूचना प्रकाशन गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

४. नगरसभाबाट विनियोजित रकमको सिमा भित्र रहेर मृतकको काजक्रियाको बढीमा रु. ५,०००/- (पाँच हजार) तथा अन्य विपन्न नागरिक तथा औषधी उपचारको लागि बढीमा रु. ५,०००/- (पाँच हजार) तथा विपदबाट पूर्णरुपमा घर क्षति भएकोमा बढीमा रु. ५,०००/- ( पाँच हजार) वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखको तोकादेशको आधारमा नगदै आर्थिक सहायता भुक्तानी गर्ने निर्णय गरियो ।

५. मिति २०७९ कार्तिक २२ गते पर्ने कार्तिक पूर्णिमाको दिन कपिलवस्तु नगरपालिकाको वडा नं. ३ मा पर्ने रामघाट खोलामा लाग्ने कार्तिक पूर्णिमा स्नान मेलाको अवसरमा उक्त दिन कपिलवस्तु नगरपालिका लगायत सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य चौकी (अति आवश्यक सेवा बाहेक), विद्यालयहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

६. विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा आगलागी, बाढी लगायतका विपद जन्य कारणबाट पूर्णरुपमा घर नोक्सान भइ नया निर्माण गर्नु पर्ने घरको लागि सम्बन्धित वडाको प्राविधिकको मूल्याँकनको आधारमा विपद् व्यवस्थापन शिर्षकबाट जस्ता पाता उपलब्ध गराउने ।

निर्णय प्रमाणित
२०७९।७।१८
प्रमुख प्रशासकीय अधिकृत

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश
२०७३